# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, सरकारी वकील समूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८२/९/८

समय: ३ घण्टा पूर्णाङ्क: १००

पत्र: तृतीय

विषय: Service Group – Government Attorney Related Subject

**तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

१. पछिल्लो समयमा दण्डको सुधारात्मक सिद्धान्त अनुसार मुद्दाको अभियोजनमा अभियोजनकर्तालाई स्वविवेकाधिकार प्रदान गरी अभियोजन वा दावीको सौदाबाजी (Plea Bargaining) को प्रयोग गर्न पाउने पद्धतिको विकास भएको पाइन्छ। सो अनुसार संयुक्त राज्य अमेरिकालगायत कतिपय देशहरूमा करिब ९० देखि ९५ प्रतिशतसम्म फौजदारी मुद्दाहरूमा दावीको सौदाबाजीको प्रयोग गर्ने गरेको पाइन्छ । नेपालमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र अन्य केही कानूनहरूमा दावीको सौदाबाजीको अवधारणालाई केही मात्रामा अंगिकार गरेको पाइन्छ। उक्त संहिता लागू भएको ७ वर्ष पूरा भइसकेको भएतापनि साह्रै नगन्य मात्रामा फौजदारी मुद्दाहरूको अभियोजनमा यसको प्रयोग गर्ने गरिएको निराशाजनक अवस्था महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन र सम्बन्धित सरोकारवालाहरूको भनाईसमेतबाट देखिएको छ तर प्रचलित नेपाल कानून अनुसार मुद्दामा अनुसन्धानले दावीको सौदाबाजीको महत्वपूर्ण भूमिका खेल्ने अवस्था हुन्छ।

प्रस्तुत सन्दर्भमा नेपालमा यस पद्धतिको सान्दर्भिकता, यस सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा देखिएका चुनौतीहरू, यसको प्रभावकारी कार्यान्वयनमा जिम्मेवार एवं सरोकारवाला निकायहरूले खेलेको भूमिकाको समीक्षा गर्दै यसलाई थप सार्थक र प्रभावकारी बनाउन के गर्नुपर्ला ? रचनात्मक सुझावहरू प्रस्तुत गर्नुहोस्। २५

२. सरकारी वकील आधारभूतरूपमा फौजदारी न्याय प्रशासनसँग केन्द्रित भएतापनि राज्यको कानूनी भूमिका र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूसँग समेत अन्योन्याश्रित रूपमा जोडिने गर्दछ। यसले गर्दा कानूनी विधाको क्षेत्र र दायरा सरकारी वकीलका लागि असीमित प्रकृतिको हुन पुग्दछ। नेपालकै सन्दर्भमा कुरा गर्दा सरकारी वकीलको भूमिका परम्परागत फौजदारी मुद्दाको अभियोजन, बहस, पैरवी, प्रतिरक्षा र कानूनी राय परामर्शसँग मात्र सम्बन्धित नभई नवीन विषयवस्तुहरूमा समेत उजागर हुन थालेको देखिन्छ।

हुन त झट्ट हेर्दा मुद्दाको दायरी र बहस पैरवी नै सरकारी वकीलको कार्य हो भन्न पनि सकिएला । तर मुद्दाभित्र अन्तर्निहित विषयवस्तुका साथै मुद्दाका पक्ष, अधिकार क्षेत्र, अन्तर्देशीय कारोबार वा कार्यको फौजदारी विषय र अन्य प्राविधिक विषयको मिश्रण, उद्योग र अर्थतन्त्रसँगको अन्तरसम्बन्ध आदि पक्षले कतिपय विषयलाई रौं चिरा (Hair-Splitting) भिन्नता देखाउँदै अपराधिक कार्य (Criminal Offence) वा अन्य कुनै विषयले सम्बोधन गर्ने भन्ने सम्बन्धमा वर्तमान समयमा अभियोजनकर्ताहरूमा द्विविधात्मक अवस्था (Dilemmatic Situation) पनि उत्पन्न गराई दिएको भेटिन्छ। न्यायिक निकायका लागि द्विविधा र शंका भएमा शंकाको सुविधा अभियुक्तले पाउँछ। Benefit of Doubt goes to Accused भन्ने सरल र परम्परागत सिद्धान्तले पनि केही कार्य गर्ला तर अभियोजनकर्ताका हकमा द्विविधात्मक अवस्थामा मुद्दा दायर गर (अर्थात्: Prosecute when in Dilemma) भन्ने जस्ता अभ्यास समेत स्थापित भएको देखिन्छ। यस्तो अवस्था उचित वा अनुचित के हो ? अनुत्तरित छ। किनभने न्याय निरूपण अदालतले गर्ने नै हुँदा पहिले नै अभियोजनबाट विमुख-पीडित, सार्वजनिक हित र राज्यको दायित्वसमेतलाई अनदेखा गरेको देखिन सक्छ । अर्कातिर अभियोजनकर्ताको विश्वसनियता, विषयगत स्पष्टता र व्यावसायिक कार्य पनि सधैँ आलोचित बन्ने गरेको देखिन्छ।

प्रस्तुत सन्दर्भमा देहायका प्रश्नहरूको उत्तर दिनुहोस्। १०+१०+५=२५

(क) अन्तर्राष्ट्रिय तत्व समावेश भएको मुद्दामा अनुसन्धानका लागि पारस्परिक कानूनी सहायता वा अन्य माध्यम जस्तै INTERPOL जस्ता निकायसँगको सहकार्यबाट कार्य गरी अभियोजनमा अधिकतम् लचकता अपनाउन के कस्ता कानूनी एवं संस्थागत प्रबन्ध कुन कुन कानूनमा हुनु अपरिहार्य होला ? स्पष्ट गर्नुहोस्।

(ख) एउटै कसूरमा सरकारी निकाय र संवैधानिक निकाय संलग्न हुन सक्ने अवस्थामा समन्वयात्मक र एकद्वार प्रणालीबाट भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, संगठित अपराध जस्ता कसूरहरूमा न्यायिक र व्यावसायिक ढंगको अनुसन्धान अभियोजन कसरी गर्न सकिन्छ ? अवधारणात्मक प्रस्तुति दिनुहोस् ।

(ग) महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजनाले संस्थागत सुदृढीकरणको कार्य गर्दा पूर्वाधार र जनशक्तिको विकासलाई मात्र नहेरी अभियोजनको व्यवसायिकता अभिवृद्धि गर्न के-कस्ता नीतिगत हस्तक्षेप (Policy Intervention) गर्न जरुरी छ ? सुझाबहरू प्रस्तुत गर्नुहोस् ।

३. आजको डिजिटल युग (Digital Age) मा सम्पत्ति शुद्धीकरण, बैंक तथा सहकारी ठगी, संगठित अपराध, कर राजश्व छलि, हुण्डी कारोबार, क्रिप्टो करेन्सी कारोबार, अनलाइन जुवासमेतका आर्थिक तथा वित्तीय कसूरहरू तथा साइवर कसूरहरू (Cyber Offences) का वारदात घटाउन, वारदातको तरह (Modus operandi) को जटिलता बढाउन र कसूरको प्रभाव विश्वव्यापी बनाउन डिजिटल सेवा र साइवर सेवाको अधिक प्रयोग र दुरुपयोग अनिवार्य तत्वका रुपमा रहेको हुन्छ । तर नेपालको हकमा उपरोक्त वारदातहरूलाई कसूर कायम गरेका विषयगत फौजदारी कानूनहरू छुट्टा छुट्टै नाम, विषय र ती मध्ये धेरैजसो डिजिटल युगको प्रारम्भ भन्दा निक्कै लामो समय पहिल्यै तर्जुमा गरी समयानुकूल संशोधन वा सुधार हुन नसकी प्रयोगमा आइरहेको अवस्था देखिन्छ । यस्ता वारदातहरूको अनुसन्धान र अभियोजन कार्यविधि सामान्य कानूनको रुपमा रहेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिम नै अबलम्वन गरिन्छ भने अनुसन्धान र अभियोजन जनशक्ति (प्रहरी तथा सरकारी वकील) को कार्यशैली र कार्यक्षमता पनि डिजिटल युगको आवश्यकतासँग मेलखाने (Compatible) अवस्थामा रहेको पाइदैन । त्यसैले त्यस्ता कसूरहरूको अनुसन्धान र अभियोजन कार्यको सन्दर्भमा दोहोरो अपराधीकरण (Double Criminality) र दोहोरो खतराको सिद्धान्त (Principle of Double Jeopardy) विपरित कसूरको प्रकृति र मात्राको अनुपात नमिल्ने गरी अधिक अभियोजन (Exessive Prosecution) भएको, यदाकदा फौजदारी कसूरको दायित्वबाट उन्मुक्ति (Impunity) दिएको र छनौटमूखी अनुसन्धान र अभियोजन (Selective Investigation and Prosecution) भएको जस्ता टिप्पणी र असन्तुष्टिहरू सुन्न र भोग्न परिरहेको अवस्था छ ।

प्रस्तुत पृष्ठभूमिमा देखिएको समस्या सम्बोधन गर्न अनुसन्धान र अभियोजन कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्न एवं फौजदारी न्याय प्रकृयाका सरोकारावालाहरूबीच प्रभावकारी समन्वय कायम गर्न के-कस्तो सुधार गर्नुपर्ला ? विश्लेषणात्मक सुझाबहरू प्रस्तुत गर्नुहोस् । २५

४. महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुने कुरा नेपालको संविधानको धारा १५८ मा उल्लेख छ । यसैगरी संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायीक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने संवैधानिक व्यवस्था छ । महान्यायाधिवक्ताले तोकिएको शर्तको अधिनमा रही प्रयोग गर्ने गरी आफ्नो अधिकार मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्दछ । महान्यायाधिवक्तालाई नेपालको संविधानले नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा अभियोजन गर्न मुख्य अभियोजनकर्ता र नेपाल सरकारलाई कानूनी सल्लाह दिने मुख्य सल्लाहकारका रुपमा अधिकार प्रदान गरेको छ । महान्यायाधिवक्ता न्याय सेवा आयोगको सदस्यसमेत हुने भएकाले न्याय सेवाका तीनवटै समूहका अधिकृतहरूको प्रशासनमा पनि महान्यायाधिवक्ताको महत्त्वपूर्ण भूमिका रहन्छ ।

नेपाल सरकारको मुख्य कानूनी सल्लाहकारमात्र नभई संविधानले नै सरकारवादी फौजदारी मुद्दामा अनुसन्धान र अभियोजन गर्ने महत्त्वपूर्ण फौजदारी न्याय प्रशासन सम्बन्धी अधिकार र न्याय सेवा आयोगको सदस्यको रुपमा समग्र न्याय सेवाको प्रशासन सञ्चालन गर्नेसमेत दायित्व सुम्पिएको महान्यायाधिवक्ताको पद स्वभावतः एक राजनीतिक पद हो । प्रधानमन्त्रीको सिफारिसमा महान्यायाधिवक्ताको नियुक्ति हुन्छ भने महान्यायाधिवक्ताको पदावधि निश्चित गरिएको छैन । महान्यायाधिवक्ता प्रधानमन्त्रीको इच्छा रहेसम्म मात्र पदमा बहाल रहन्छन् ।

राजनीतिक प्रभावमा नपरी सम्पादन गर्नुपर्ने सरकारी मुद्दाको अनुसन्धान र अभियोजन सम्बन्धी कामको अन्तिम जिम्मेवारी पनि विशुद्ध राजनीतिक रुपमा नियुक्त महान्यायाधिवक्तालाई दिंदा बेलाबेलामा विवाद आउने गरेको पाइन्छ । कतिपय अवस्थामा त महान्यायाधिवक्ताले मुद्दा नचलाउने भनी गरेका निर्णयहरू सर्वोच्च अदालतले रीटको क्षेत्रबाट हेरी बदर गरिदिएको र मुद्दा चलाउन

अघिल्लो सरकारले चलाएको मुद्दा सरकार परिवर्तन हुने वित्तिकै नयाँ सरकारले फिर्ता लिने र कतिपय अवस्थामा सरकारले मुद्दा नचलाउने भनि गरेको निर्णय अदालतबाट बदर हुँदा महान्यायाधिवक्तामात्र होइन समग्र सरकारी वकीलले नै राजनीतिक व्यक्ति जोडिएका अपराधिक घटनामा आग्रहपूर्ण तवरले अभियोजन गर्ने वा मुद्दा नचलाउने गर्दछ भन्ने सन्देश आमसमुदायमा गएको र समग्र सरकारी वकीलको भूमिका नै विवादित बनेको पनि देखिन्छ।

सामान्य फौजदारी न्याय प्रशासनलाई निष्पक्ष, वस्तुनिष्ठ र पारदर्शी बनाउनका लागि महान्यायाधिवक्तालाई विशुद्ध रुपमा सरकारको मुख्य कानूनी सल्लाहकारको भूमिकामामात्र सीमित गर्ने र सरकारवादी फौजदारी मुद्दामा अनुसन्धान र अभियोजन गर्ने दायित्व निर्वाह गर्न सरकारी वकीलको प्रमुखको रुपमा मुख्य अभियोजनकर्ताको नियुक्ति गर्ने प्रावधान संविधानमा राख्ने भन्ने कुरा पनि यदाकदा उठ्ने गरेको पाइन्छ । महान्यायाधिवक्ता र मुख्य अभियोजनकर्ता दुबै पद राखी कार्यविभाजन गरेको खण्डमा महान्यायाधिवक्ताको जिम्मेवारी कम भई काममा चुस्तता आउने तर्क पनि आउने गर्दछन् । विश्वका कतिपय मुलुकमा महान्यायाधिवक्ता र मुख्य अभियोजनकर्ता दुबैको प्रावधान राखी छुट्टाछुट्टै जिम्मेवारी दिइएको पनि देखिन्छ भने कतिपय मुलुकमा महान्यायाधिवक्ताको मातहतमा नै मुख्य अभियोजनकर्तालाई राखिएको पाइन्छ।

यस पृष्ठभूमिमा निम्न प्रश्नहरूको विश्लेषणात्मक उत्तर दिनुहोस्। १०+१५=२५

(क) फौजदारी न्याय प्रशासनमा नेपालको संविधानले सुम्पेको जिम्मेवारी निर्वाह गर्ने क्रममा नेपालका महान्यायाधिवक्ताहरू कुन हदसम्म सफल भएको मान्नुहुन्छ। दृष्टान्तसहित उत्तर दिनुहोस्।

(ख) फौजदारी न्याय प्रणालीलाई निष्पक्ष र प्रभावकारी बनाउनका लागि छुट्टाछुट्टै महान्यायाधिवक्ता र मुख्य अभियोजनकर्ताको व्यवस्था गरी महान्यायाधिवक्तालाई नेपाल सरकारको मुख्य कानूनी सल्लाहकारको जिम्मेवारी र मुख्य अभियोजनकर्तालाई मुख्य सरकारी वकिलको जिम्मेवारी दिने सम्बन्धमा अन्य देशहरूमा भएको अभ्याससमेतका आधारमा तर्कपूर्ण सुझाब दिनुहोस्।

<<समाप्त>>